# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०७ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. कोलाकाताको ग्लोबल अवजिनेश समिट मा मुख्यमंत्री ममता व्यानज्री चिया बगानका ३० प्रतिशत भूमि गैर चिया गतिविधिका लागि प्रयोग रिने भनी गर्नुभएको टिप्पणीले दार्जीलिङ्मा विपक्षी दलहरूले विरोध जनाएका छन् भने बीजेपीएम अध्यक्ष अनित थापाले जनआकांक्षा विरूद्ध नजाने बताएका छन्।

२. प्रयागराज महाकृम्भमा तीन दिवसीय बैद्ध महकुमा बैद्धलामाहरूको शोभाययात्राका साथ आज सम्पन्न भयो।

३. पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषदले आगामी १२ फरवरीदेखि एक दिनका लागि नामाकंन विन्डो पूनः खोल्ने घोषणा गरेको छ।

४. आजदेखि जीटिएख ओपन बैडमिन्टन टुर्नामेन्ट शुरू भएको छ।

**चिया बगानको ३० प्रतिशत गैर चिया उध्योग**

पश्चिम बंगालकी मुख्यमंत्री ममता व्यानर्जीले राज्यका चिया बगानहरूमा ३० प्रतिशत भूमि गैर चियाका लागि प्रयोग गरिने छ भनी गर्नुभएको टिप्पणीको दार्जीलिङ्का विपक्षी दलहरू तथा कतिपय चिया बगान श्रमिक संगठनहरूले विरोध जनाएका छन्। दार्जीलिङ लोकसभा सांसद राजु विष्टले ममता व्यानज्रीको यस प्रकारको योजना माथि शंका व्यक्त गरेका छन्। यसैगरी जीजेएमएम , जीएनएलएफ र आईजीजेएफ तथा दजप्रैलिङ , तराई , डुर्वसका चिया श्रमिक संगठनहरूले विरोध जनाउँदै राज्य सरकारको यस कदमले चिया श्रमिकहरूको हालत झन खराब बनाउनेछ भनी बताएका छन्। सरकारको यस कदमले चिया उध्योगलाई पनि प्रभावित पार्नेछ भनी बताएका छन्। बीजेपीएम का अध्यक्ष तथा जीटिए का मुख्य कार्यवालले पहाड़को जनताको आकांक्षा विरूद्ध केही कदम नचाल्ने बताएका छन्।

****** ० ******

**क्रामाकपा- पत्राचार**

३० प्रतिशत भूमि आवण्टन चियावारीलाई उपनिवेश बनाउने षडयन्त्र रहेको दावी गर्दै क्रामाकपाले बङ्गाल सरकारलाई आगोमा हात नहाल्ने कडा चेताउनी दिएको छ। नन्दीग्राम अनि सिङ्गुरको भूमि अधिग्रहण विरोध गरेर सत्तामा आएको तृणमुल कंग्रेसको यस्तो पद्क्षेप निन्दनीय ठहर गर्दै दलक प्रवक्ता अरूण घतानीले यसको प्रतिवादमा सर्वदलीय वैठक गर्नको साथै आन्दोलनमा ओर्लिने सम्भावना व्यक्त गरेका छन्। स्थायी राजनैतिक समाधान नभएसम्म यस्ता क्रियाकलापहरु स्थगित गरिनपर्ने सुझाउ राख्दै, उहाँले थाँतीमा रहेको त्रिपक्षीय वार्ताको लागि केन्द्र अनि उद्योगपतिहरुलाई ३० प्रतिशत भूमि आवण्टन फिर्ता लिनपर्ने मागमा राज्यलाई पत्राचार गरिएको उहाँले जानकारी गराएका छन् ।

****** ० ******

**बङ्गला बिजिनेस समिट**

गत ५ अनि ६ फरवरीमा कोलकतामा सम्पन्न भएको बिश्व बङ्गला बिजिनेस समिटमा विश्वका ४० वटा देशका व्यवसायीहरुले सहभागिता जनाएका थिए। समारोहमा कालेबुङ बाट पनि दुई व्यवसायीहरुले सहभागिता जनाउने मौका पाएका थिए। ड्रोन बनाउने के एल एम पावर प्राइभेट लिमिटेडले हाल व्यक्तिगत प्रयोगका निम्ति सानो ड्रोन अनि भारतीय सेनाको निम्ति साथै अन्य कृषि प्रयोजनका निम्ति ड्रोन तयार पारिएको छ। बिश्व स्तरीय उद्योग मेलामा अंश ग्रहण गरेर कालेबुङको प्रसंशा भैरहेको छ । नेपाल मोरोक्को भुटान आदिका उद्योगपति अनि राजनैतिकहरूले ड्रोनको निम्ति चासो राखेको के एल एमका प्रतिनिधि खुस्बु छेत्री अनि आँचल सारदाले बताएका छन्। यो अवसर प्रदान गरिएकोमा जिल्लापाल बाला सुब्रमन्यम टिप्रति आभार ब्यक्त गरेका छन्। यसरी नै कालेबुङको अर्को व्यवसाय ए के एम ई ए आईले पनि मेलामा विद्यार्थी अनि उद्योगपतिहरू ध्यान आकर्षण गर्न सफल भएको थियो। यसले आर्टिफिसियल ईन्टेलिजेन्टको दिशामा नयाँ क्रान्ति ल्याएको छ। यो एप्लिकेशनले डाटा संकलन संरक्षण गर्न सहज हुने जनाईएको छ। देश विदेशका प्रतिनिधि अनि स्वदेश उद्योग प्रतिनिधिहरुले यो एप्लिकेशन बारे निकै साँचो

राखेको देखियो। कालेबुङ जस्तो सानो ठाउँबाट मेलामा सहभागिता जनाउनु पाउनु गर्वको विषय मान्न सकिन्छ। यो एप्लिकेशनले काम सहज हुने भएकाले यो धेरैको ध्यान आकर्षण गर्न सफल भएको बताउँदै सह संस्थापक जि लेप्चाले यो मेलाको निम्ति पहल गरिदिने जिल्लापाल बाला सुब्रमन्यम टिप्रति आभार जनाएका छन्। यस अतिरिक्त पनि कालिम्पोङ कफी कागेको तुलसी अर्ग लगायत अन्य सर समान पनि यस विश्व स्तरीय मेलामा राखिएको थियो।

****** ० ******

**बौद्ध -महाकुम्भ यात्रा**

RSS का वरिष्ठ प्रचारक आदरणीय डा. इंद्रेश कुमार जी को मार्गदर्शनमा कुम्भ नगरी प्रायगराजमा चलिरहेको "बौद्ध - महाकुम्भ यात्रा" अंतर्गत आज भव्य शोभा यात्राको आयोजन गरियो | यस शोभा यात्रामा जूना अखाडाका महामंडलेश्वर स्वामी अवदेशानंद जी महराज, RSS का वरिष्ठ प्रचारक आदरणीय भैया जी जोशी साथै तिब्बत, म्यांमार, श्रीलंका, नेपाल, लाओस अनि विश्वका बिभिन्न देशहरुबाट सैकड़ों बौद्ध लामा, भंते, विक्षु आदिले भाग लिए |धर्म संस्कृति संगम, भारत तिब्बत सहयोग मंच अनि हिमालय परिवार संस्थाहरुका पदाधिकारिहरुले पनि यस शोभा यात्रामा भाग लिए |

****** ० ******

आयुष फेयर

जीटीएका मुख्य कार्यपाल अनित थापाको उपस्थितिमा आजदेखी कालेबुङ टाउन हलमा दुई दिवसीय आयुष फेयर शुरु गरिएको छ। कार्यक्रममा विधायक रूदेन लेप्चा, जिल्ला अधिकारी बाला सुब्रमणियन टी, पुलिस अधिक्षक श्रीहरी पाण्डे आदि विशेष रुपमा उपस्थित रहेका थिए भने यस फेयरमा आयुर्वेद, योग, युनानी, सिद्ध, होम्योप्याथी (आयुस) औषधिबारे अवगत गराइने पहल रहेको छ।

****** ० ******

**दार्जीलिङ :गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभा क्षेत्रमा प्राथमिक शिक्षालाई सुदृढ बनाउने उद्देश्यले जिटिए को मुख्यालय लालकोठी दार्जिलिङमा जिटिए का डेपुटि चेयरमेन राजेश चौहानको अध्यक्षतामा एक महत्वपूर्ण बैठक सम्पन्न भयो । यस बैठकले जिटिए क्षेत्रमा प्राथमिक शिक्षाको विस्तारमा ध्यान केन्द्रित गरिएको जानकारी प्राप्त भएको छ। गोरखाल्याण्ड क्षेत्रीय प्रशासन सभाका उपाध्यक्ष राजेश चौहानले सर्कल स्तरमा प्राथमिक शिक्षकको कैशल र ज्ञान अभिवृद्धि गर्ने अभिमुखीकरण कार्यक्रम, प्रशासनिक प्रक्रियालाई सुव्यवस्थित गर्ने, नयाँ शैक्षिक सत्र २०२२ को प्रारम्भिक क्षेत्रीय शिक्षामा चर्चा गर्ने मुख्य मुद्दाहरूबारे चर्चा भएको बताउनु भएको छ । उहाँले चर्चाको सकारात्मक प्रभाव देखिएको बताउनु भएको छ ।

****** ० ******

**उच्च माध्यमिक परीक्षा HS- 2025**

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषदले आगामी 12 फरवरीमा, उच्च माध्यमिक परीक्षा (एचएस परीक्षा) 2025 को लागि नामांकन विंडो पुनः खोल्ने घोषणा गरेको छ। यह विंडो 13 फरवरी, 2025 मा बंद हुनेछ। उम्मीदवारहरुले WBCHSE को आधिकारिक वेबसाइट wbchse.wb.gov.in मा आधिकारिक सूचना हेर्न सक्नेछन्। यी दुई दिनहरुका लागि नामांकन जरीवानाको साथ उपलब्ध हुनेछ। यो निर्णय छात्रहरु , अभिभावकहरु अनि संस्थानहरुका प्रमुखहरुको धेरै अनुरोधहरुको जवाबमा आएको हो , जो प्रारंभिक नामांकनको अवधि छुटेका थिए। यसले ती ब्येक्तिहरुलाई एउटा अतिरिक्त अवसर प्रदान गर्दछ जसलाई 2025 HS परीक्षाहरुको लागि आफ्नो पंजीकरण पूरा गर्ने आवश्यकता छ।

****** ० ******

**Bio-matric attendance**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको मुख्यालय लालकोठिमा आजदेखि कर्मचारीहरुको निम्ति Bio-matric attendance शुरु गरिएको छ । जीटीएका अन्य शाखा सचिवालय लुईश जुबली , कालेबुङ , मिरिक, खरसाङ तिर पनि Bio-matric attendance चाडै शुरु हुने जीटीए डेपुटी चिफ राजेस चौहानले बताएका छन । हालसम्म पनि mannual attanadance लिने प्रणाली चलिरहेको छ तर अब बिस्तारै यो म्यानुल प्रणाली गोर्खाल्यान्ड क्षेत्रीय प्रसासनको सम्पुर्ण कार्यलयबाट हटेर जाने पनि चौहानले बताएका छन्। यसरि नै केही महिना अघिदेखी गोर्खाल्यान्ड क्षेत्रीय प्रसासनको स्वास्थ बिभागले दार्जीलिङ जिल्ला अस्पतालमा कर्मचारीहरुको निम्ति bio metric attandance शुरु गरिसकेको छ।

****** ० ******

**मजुवा ग्राम पञ्चायत**

मजुवा ग्राम पञ्चायत अन्तर्गत भीर गाउँवासीहरुलाई स्वनिर्भर बनाउने प्रमुख उदेश्यको साथमा बन विभागले विभिन्न परियोजनाहरुको माध्यमबाट सहयोग गर्दै आएको छ। यसै क्रममा मानेभञ्ज्याङ टङ्लु रेन्ज अधिनस्त जाइका प्रोजेक्ट मार्फत जेएफएमसी कमिटीको तत्वधानमा वरिपरिका विभिन्न गाउँहरुमा बिकास तथा रोजगारमुलक कार्यक्रमहरुको सन्चालन गरिएको छ भने परियोजना अन्तर्गत भईरहेको 6 वटा बिभिन्न कामहरुको हिज बिभागीय पक्षबाट स्थलगत निरीक्षण गरियो। मानेभञ्ज्याङ टङ्लु रेन्जर अफिसर दिगान्त माइतीको नेतृत्वमा रहेको  निरक्षण टोलीमा बीओ डोमा शेर्पा सगै जेएफएमसीका प्रतिनिधि साथै सर्वसाधारणको बिशेश रूपमा उपस्थित थिए।  यसै क्रममा टोलीले परियोजना अन्तर्गत बर्तमानमा संचालित सार्वजनिक भवनको निर्माण तथा मर्मति सगै च्याउ खेती स्थल एव कुखुरा पालन फारमको भ्रमण गरी निरक्षण गरेका छन।

****** ० ******

**जीटीए ओपन ब्याडमिन्टन**

मिरिक ब्याडमिन्टन क्लबले जीटीए क्षेत्रका खेलाडीहरुलाई लक्षित गरी पहिलो सहमेन्दू जीटीए ओपन ब्याडमिन्टन प्रतियोगिता आजदेखि  शुरू गरेको छ। क्लबका संरक्षक एंव कार्यकारी सभासद अरूण सिग्ची अनि जीटीए मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईले दीप प्रज्वलन गरेर  प्रतियोगिताको  विधिवत उद्धघाटन गरे। आगमी 9 फरवरीसम्म चल्ने यस प्रतियोगितामा  जीटीए क्षेत्रका 80 वटा दलले भाग लिईरहेका छन्। प्रतियोगितामा पुरुष एकल, पुरुष युगल, ४० वर्ष माथिका पुरुष भेट्रान्स युगल र ५०वर्ष माथिको  पुरुष भेट्रान्स युगल गरी चारवटा विधामा प्रतिस्पर्धा हुनेछ। विजेता र उपविजेता खेलाडीहरुलाई आकर्षक ट्रफीसहित नगद पुरस्कार प्रदान गरिनेछ भने अन्य सहभागी खेलाडीहरुलाई पनि आकर्षक पुरस्कार प्रदान गरिनेछ।

****** ० ******